जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com





**शिक्षानीतिमा सुधार कहिले ?** (३)

नगेन्द्रराज पौडेल



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९





**आवश्यकता**

**पाथीभरा कृषि फर्म दमकका** लागि कामदार (महिला/पुरुष)को आवश्यकता भएकाले इच्छुकले सम्पर्क राखनु होला ।

उमेर : २० देखि ४५ वर्षसम्म
शिक्षा : साधारण लेखपढ गर्न सक्ने शीप सिकेर विदेश जानेको लागि अनुभवको प्रमाणपत्र समेत दिईनेछ ।

सम्पर्क :
प्रेमबहादुर बेघा
सम्पर्क : ९८६२२२२२०४, दमक-१, झापा



❑ वर्ष-२१ ❑ अंक - १३८ ❑ २०८३ जेठ ०९ गते शनिबार ❑ Saturday, 23 May 2026 ❑ मूल्य ७ /-


## 'निर्माण क्षेत्रमा इतिहासकै ठूलो मूल्यवृद्धी'

# सरकारलाई ३७ अर्व घाटा

पूर्वसन्देश समाचार

**दमक/** निर्माण क्षेत्रमा देखिएको हालको मुल्यवृद्धीको अवस्थालाई सरकारले इतिहासकै सवै भन्दा ठुलो मुल्यवृद्धी भनेको छ । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले निर्माण क्षेत्रमा हाल देखिएको मूल्यवृद्धि नेपालको इतिहासकै सबैभन्दा ठूलो रहेको बताएका हुन् ।

प्रतिनिधि सभा अन्तर्गतको पूर्वाधार विकास समितिको बैठकमा बोल्दै मन्त्री लम्सालले यो मूल्यवृद्धिको संकटले निर्माण क्षेत्र र राज्यको अर्थतन्त्रमा गम्भीर असर पारेको बताए । निर्माण सामग्री र इन्धनमा भएको अस्वाभाविक मूल्यवृद्धिका कारण पूर्वाधार मन्त्रालयको बजेट ठूलो दबाबमा रहेको जानकारी उनले गराए । उनका अनुसार करिव २० दिन अगाडिसम्मको तथ्यांक हेर्दा पूर्वाधार मन्त्रालयको बजेट सीमाभन्दा करिव ३७ अर्ब रूपैयाँले घाटामा गइसकेको थियो ।

राष्ट्र बैंकको वर्तमान मूल्य सूचकांकले मात्रै अहिलेको चरम मूल्यवृद्धिलाई सम्बोधन गर्न नसक्ने अवस्था रहेको स्वीकार गर्दै उनले सबै प्रकारका आयोजना र व्यवसायीलाई न्याय हुने गरी सरकारले तयारी गरिरहेको जानकारी दिए । मन्त्री लम्सालले अहिलेको मूल्यवृद्धि सामान्य नभई यो नेपालकै इतिहासको सबैभन्दा ठूलो मूल्यवृद्धि भएको र निर्माण क्षेत्रका लागि यो एउटा ठूलो संकट पनि रहेको उल्लेख गरे । नेपाल जस्तो सानो पुँजी भएको देशमा यसको असर झन् बढी रहेको उनको भनाई छ । उनले मूल्यवृद्धिका जटिलता समाधानको प्रयास भइरहेको जानकारी दिए । त्यसका लागि कतिपय कुराहरू ऐनमै संशोधन र व्यवस्था गर्नुपर्ने अवस्था रहेको उनले बताए । ऐन संशोधन नभएसम्म शतप्रतिशत समस्या समाधान नहुने देखिएकाले निर्णय प्रक्रियामा केही ढिलाइ देखिएको उनको भनाइ छ ।

मन्त्री लम्सालले डिजेललगायत निर्माण सामग्रीको मूल्यवृद्धिले परियोजनामा ठूलो असर परेको उल्लेख गर्दै मन्त्रालय स्वयं करिब रू ३७ अर्ब घाटामा रहे पनि व्यवसायीका समस्याप्रति सरकार गम्भीर रहेको बताए । उनका अनुसार मूल्य समायोजन र म्याद थपसम्बन्धी विषय राष्ट्र बैंकको सूचकांका आधारमा अध्ययन भइरहेको छ । आवश्यक परे केही परियोजनाका लागि कानुन संशोधन गरेर समेत समस्या समाधान गरिने उनको भनाइ थियो ।

राज्य र निर्माण व्यवसायी विकासका साझेदार भएको उल्लेख गर्दै मन्त्री लम्सालले समन्वय तथा सहकार्यबाट मात्रै विकास आयोजना समयमै सम्पन्न गर्न सकिने बताए । तर, लापर्वाही गर्ने र आयोजना अनावश्यक रूपमा ढिलाइ गर्ने व्यवसायीप्रति भने राज्य कडा रूपमा प्रस्तुत हुने उनले चेतावनी दिए ।

**समाधान खोज्न निर्देशन**

प्रतिनिधि सभा अन्तर्गतको पूर्वाधार विकास समितिले विकास निर्माणमा देखिएका अवरोध हटाउन र मूल्यवृद्धिको समस्या सम्बोधन गर्न सरकारलाई निर्देशन दिएको छ । शुक्रबार उर्जामन्त्री, पूर्वाधारमन्त्रीसहित सरोकारवालसँगको छलफल पछि समितिका सभापति आशिष गजुरेलले बैठकका निर्णयहरु सुनाउँदै सार्वजनिक पूर्वाधारका आयोजनाहरूमा देखिएका जटिलता तत्काल पहिचान गरी नागरिकलाई राहत हुने गरी काम गर्न निर्देशन दिएका हुन् ।

उनका अनुसार मूल्यवृद्धिका कारण निर्माण व्यवसायीहरूले काम अगाडि बढाउन नसक्दा राष्ट्रिय अर्थतन्त्रमै गम्भीर असर पर्नसक्छ, त्यसैले समितिले यसको तत्काल समाधान खोज्न पूर्वाधार मन्त्रालयलाई निर्देशन दिएको हो । पश्चिम नेपालमा जारी युद्धका कारण इन्धन, बिटुमिन लगायतका अत्यावश्यक निर्माण सामग्रीको मूल्यमा अत्यधिक वृद्धि भएको र यसले नेपालका विकास आयोजनाहरू ठप्प हुने अवस्थामा पुगेको समितिको निष्कर्ष छ ।

## माङ्सेबुङमा अब 'लिम्बू भाषा' सरकारी कामकाजमा

**इलाम/** माङ्सेबुङ गाउँपालिकाले यही जेठ १२ गतेदेखि लिम्बू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्ने भएको छ । माङ्सेबुङ गाउँपालिकाले पत्रकार सम्मेलन गरी लिम्बू भाषा कामकाजी कार्यान्वयनको तयारीबारे जानकारी गराएको हो । गाउँपालिका अध्यक्ष हेमन्त राईले गत वैशाख ११ गतेको ६६औँ कार्यपालिका बैठकको निर्णयअनुसार लिम्बू भाषा कार्यान्वयन गर्न लागिएको बताए । उक्त दिन एक विशेष समारोहबीच लिम्बू भाषालाई कामकाजी घोषणा गरिने अध्यक्ष राईले बताए । माङ्सेबुङ गाउँपालिकामा बहुसत्यक नागरिकले बोल्ने लिम्बू भाषा (किरात सिरिजङ्गा लिपिमा लेखिने) भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्न लागिएको गाउँपालिकाले जनाएको छ ।

माङ्सेबुङ गाउँपालिकाले नेपालको संविधानले सुनिश्चित गरेको भाषा तथा संस्कृतिसम्बन्धी मौलिक हकको कार्यान्वयन गर्ने उद्देश्यले संविधानको अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (फ) (१) बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार प्रयोग गर्दै लिम्बू भाषालाई कामकाजी भाषाका रूपमा कार्यान्वयन गर्न लागेको हो।

"यहाँको बहुसत्यक लिम्बू जातिले बोल्ने भाषालाई हामीले जेठ १२ गतेदेखि माङ्सेबुङमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोगमा ल्याउने तयारी गरेका छौँ", अध्यक्ष राईले भने, "नेपालको संविधानले आत्मसात गरेको बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा बहुसाँस्कृतिक राष्ट्रको भावना, जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको मर्मअनुसार जातीय बाहुल्यताका आधारमा यो निर्णय गरेका हौं ।"

लिम्बू भाषा सरकारी कामकाजका रूपमा कार्यान्वयन गर्न सहजीकरणका लागि पाँचौँ तहको भाषिक सहजकर्ता करारमा नियुक्त भइसकेका छन्। माङ्सेबुङ गाउँपालिकाको 'भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यान्वयन निर्देशिका, २०७५' र 'माङ्सेबुङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि, २०७४' बमोजिम भाषिक सहजकर्ता नियुक्त गरिएको प्रमुख प्रशासकीय अधिकृत दिलसेर राईले बताए । माङ्सेबुङ गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन (ओएनएम) मा नै समावेश गरी भाषिक सहजकर्ता नियुक्त गरिएको उनले बताए। "भाषिक सहजकर्ताको दरबन्दी ओएनएममा समावेश गरी स्वीकृत बाँकी ४ पेजमा ▸▸

## दुर्घटनामा चालकको मृत्यु

***पाँचथर/*** *पिकअप दुर्घटना हुँदा पाँचथरको याङवरक गाउँपालिका-६ अर्चलेमा चालकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख डीएसपी अनिश कर्णका अनुसार दुर्घटनामा झापाको बाह्रदशी गाउँपालिका-५ निवासी ३५ वर्षीय गोपाल भट्टराईको मृत्यु भएको हो ।*

*प्रहरीका अनुसार च्याङथापुबाट गोरू र बाछी लिएर फालेलुङतर्फ जाँदै गरेको प्र १-०१-००२ च १५६९ नम्बरको सिङ्गल क्याप पिकअप अर्चले क्षेत्रमा रोकिएको थियो । सो क्रममा चालकसहित गाडी दुर्घटनामा परेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । पिसाब गर्न गाडी रोकेका बेला न्यूट्रलमा रहेको पिकअप गुड्न थालेपछि चालक भट्टराईले ब्रेक लगाउने प्रयास गरेका थिए ।* बाँकी ४ पेजमा ▸▸

## बकर इदसहित चार दिन विदा

**झापा/** सरकारले इस्लाम धर्मावलम्बीहरूको पर्व बकर इद (इद-उल-अज्हा) का अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । गृह मन्त्रालयले शुक्रबार विज्ञप्ति जारी गर्दै आगामी जेठ १४ गते बिहीबार देशभर सार्वजनिक बिदा हुने जानकारी दिएको हो ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जारी गरेको विज्ञप्तिमा मुस्लिम आयोगबाट प्राप्त जानकारीअनुसार जेठ १४ गते बकर इद परेको उल्लेख गर्दै सो दिन सार्वजनिक बिदा दिने निर्णय गरिएको जनाइएको छ । बाँकी ४ पेजमा ▸▸

## प्रदेश प्रमुखलाई प्रतिवेदन

**बिराटनगर/** कोशी प्रदेशका प्रदेश प्रमुख पर्शुराम खापुङ समक्ष मुस्लिम आयोगको आर्थिक वर्ष २०८१-८२ को वार्षिक प्रतिवेदन पेश गरिएको छ । आयोगका कार्यवाहक अध्यक्ष मोहमदिन अलीले एक समारोहकाबीच सो प्रतिवेदन प्रमुख खापुङलाई हस्तान्तरण गरेका हुन् ।

प्रदेश प्रमुख खापुङले प्रतिवेदन व्यवस्थित एवं वैज्ञानिक रहेको बताएका छन् । उनले आफ्ना काम, कर्तव्य तथा सामना गर्नुपरेको कठिनाइका बाबजुद पनि आयोगलाई जीवित एवं सशक्त बनाउने प्रयास सराहनीय रहेको बताए । प्रदेश प्रमुख खापुङले आयोगको समस्या आयोगको मात्र नभएर देशको भएकाले देखिएका समस्या समाधान हुन सकेमा मात्र देश समृद्ध हुनेमा जोड दिए । उनले राष्ट्रिय एकता र भौगोलिक अखण्डतालाई कायम राख्न सरकारले आयोगले देखाएका समस्यालाई समाधान गर्नुपर्ने धारणा राखे । सो अवसरमा आयोगका अध्यक्ष अलीले संविधानमा व्यवस्था भएबमोजिम कानुनको परिधिभित्र रहेर आयोगले काम गरिरहेको जानकारी दिए ।

## पाँचथरमा हिरासत अनुगमन

**फिदिम/** पाँचथर कारागार र प्रहरी हिरासतको अनुगमन गरिएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालय विराटनगरका मुख्य न्यायाधिवक्ता, उप-न्यायाधिवक्ता तथा सहायक न्यायाधिवक्ताको टोलीले जिल्ला प्रहरी कार्यालय पाँचथरसहित जिल्ला प्रहरी कार्यालय पाँचथरमा कैदी राख्ने स्थलको निरिक्षण र अनुगमन गरेका हुन् ।

अनुगमनका क्रममा टोलीले हिरासत कक्षको भौतिक अवस्था, थुनुवालाई उपलब्ध गराइँदै आएको सेवा-सुविधा, सुरक्षा व्यवस्थापन तथा मानव अधिकार बाँकी ४ पेजमा ▸▸

## लोकसेवामा दुई नयाँ सदस्य नियुक्त

**मोरङ/** कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले प्रदेश लोकसेवा आयोगमा दुई सदस्यलाई आज नियुक्त गरेका छन् । प्रदेश प्रमुख खापुङले प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको संयोजकत्वमा गठित समितिद्वारा सिफारिस एवं प्रदेश लोकसेवा ऐन, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम प्रदेश लोकसेवा आयोगको सदस्यमा पदमा विराटनगर-३, मोरङकी रूपा थापा ओझा र उर्लाबारी-५, मोरङका भीमबहादुर सुब्बा (फुदोङ) लाई नियुक्त गरेका हुन् ।

त्यसैगरी आयोगका अध्यक्ष महेन्द्रप्रसाद गुरागाईंले प्रदेश प्रमुखको कार्यालय विराटनगरमा नवनियुक्त सदस्यलाई आजै प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (८) बमोजिम सदस्य पदमा पद तथा गोपनीयताको सपथ गराएका छन् ।

सपथ ग्रहण समारोहमा प्रदेश प्रमुख खापुङ, मुख्यमन्त्री कार्की, प्रदेशसभाका सभामुख अम्बरबहादुर विष्ट, उपसभामुख सिर्जना दनुवार, प्रदेशका विभिन्न मन्त्रालयका मन्त्रीहरु, प्रदेशसभाका सदस्यहरु, प्रदेशका विभिन्न मन्त्रालयका कर्मचारीहरुका उपस्थिति रहेको थियो ।

## सेनाद्वारा विपद् प्रतिकार्य तयारी

***दमक/*** *विगतका वर्षहरूमा सञ्चालन गरिएका उद्धार तथा राहत अभियानबाट प्राप्त अनुभव र सिकाइका आधारमा नेपाली सेनाले यस वर्ष मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याएको जनाएको छ । सेनाले मनसुनजन्य विपद् व्यवस्थापनका लागि सङ्घीय, प्रदेश तथा पालिका तथा अन्य सुरक्षा निकाय, गैरसरकारी संस्था तथा स्थानीय समुदायसँग समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिएको छ ।*

*नेपाली सेनाका अनुसार विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी जिल्लामा रहेका गण तथा गुल्महरूमा आवश्यक सत्यामा फौज तयारी अवस्थामा राखिएको छ । साथै, प्रदेशका सबै पृतनामा आवश्यक उद्धार उपकरणसहित विशेष क्षमतायुक्त खोज तथा उद्धार टोली तैनाथ गरिएको छ । यसबाट बाढी, पहिरो तथा अन्य विपद्का घटनामा छिटो र* बाँकी ४ पेजमा ▸▸

## पूर्वी प्रवेशद्वारमा ४० फिट अग्लो "घण्टाघर"

***झापा/*** *पूर्वी नेपालको मुख्य प्रवेशद्वार काँकडभिट्टास्थित देवकोटा पार्कमा पर्यटकीय आकर्षण थप्न 'घण्टाघर' को निर्माण सुरू गरिएको छ । रोटरी क्लब अफ काँकडभिट्टाको पहल, कोशी प्रदेश सरकार र भारतको पश्चिम बङ्गालस्थित रोटरी क्लब अफ सिलिगुडी उत्तरायणको आर्थिक साझेदारीमा यो परियोजना अघि बढाइएको हो।*

*उपभोक्ता समितिमार्फत एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको घण्टाघरको नाम 'रोटरी क्लब टावर' राखिने सहमति भएको छ। निर्माण उपभोक्ता समितिका अध्यक्ष एवं रोटरी क्लब अफ काँकडभिट्टाका अध्यक्ष उदय श्रेष्ठका अनुसार यो घण्टाघर जमिनको सतहबाट ४० फिटभन्दा अग्लो हुनेछ । घण्टाघर निर्माणको कूल लागत करिब रू ३५ लाख अनुमान गरिएको उनले जानकारी दिए ।*

*अध्यक्ष श्रेष्ठले रू १० लाख कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावण मन्त्रालयले*




*प्रदान गर्ने सम्झौता भएको जनाउँदै बाँकी लागत खर्च रोटरी क्लब अफ काँकडभिट्टा र रोटरी क्लब अफ सिलिगुडी उत्तरायणले दामासाहीले व्यहोर्ने* बाँकी ४ पेजमा ▸▸

## नयाँ गाडी दर्ता रोक्का

***दमक/*** *यातायात व्यवस्था विभागले देशभर सार्वजनिक सवारी साधनको नयाँ दर्ता रोक्का गरेको छ । विभागले ट्राफिक लगायत सार्वजनिक यातायात व्यवस्थापनमा देखिएको समस्याका कारण अर्को सूचना जारी नभएसम्म दर्ता रोक्ने निर्णय गरेको हो । विभागका निर्देशक मणिराम भुसालद्वारा जारी परिपत्र सातै प्रदेशका सम्बन्धित मन्त्रालय र स्थानीय तहलाई पठाइएको छ ।*

*निर्णय इन्धनबाट चल्ने तथा विद्युतीय दुवै प्रकारका सार्वजनिक सवारीमा लागू हुने विभागले जनाएको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २४ उपदफा (३) अनुसार सार्वजनिक हितका लागि नयाँ दर्ता रोक्न सकिने कानुनी व्यवस्था प्रयोग गर्दै विभागले उक्त निर्णय गरेको हो ।*




**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

**आवद्ध डाक्टरहरू**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

संस्मरण

## कामसूत्रका पहिलो स्रष्टा होइनन् वात्स्यायन



डा. तुलसी भट्टराई

क्रमागत :

वात्स्यायनको कामसूत्रले 'काम' को प्रयोग, सीमा र सरल र सहज विधिहरू, स्त्री-पुरुष दुवैलाई आनन्द मिल्ने आसनहरूबारे वर्णन गरेको छ । साथै अर्को कुरा पनि छ । "काम' को प्रयोग त प्रकृतिले नै दिएको हो । यो सिद्धान्त हुनुपर्ने होइन । किनभने कृषकले आफ्नो खेतीको बालीनाली जंगली जनावरबाट नष्ट पारिन्छ भनेर खेती लगाउन छोड्दैन । मानिसले काम प्रयोगले रोगव्याधी लाग्छ, शिरमा हानि पुग्छ भनेर प्रयोग छोड्दैन तर यही कुरामा केही सहज, सरल र सुखदायी प्रयोगबारे जानकारी भयो भने कुनै विघ्नवाधा आइपर्दैन भनेर मानिसकै कल्याणका लागि यो कामसूत्र रचिएको हो भनेर ठोकुवा गरेका छन् ।

स्त्री-पुरूषको काम-रतिसुखलाई वात्स्यायनले मानवजीवनको एउटा साधनको रूपमा मानेका छन् । उनले वैवाहिक जीवनलाई सन्तानोत्पतिसँगै सुखी र स्वस्थ एवं मनको समेत शुद्धता र स्वस्थतामा ध्यान दिएका छन् । तर पश्चिमी कामशास्त्रीहरूले मानव जीवनको एउटा प्रमुख साध्यका रूपमा कामसुखलाई मानेका छन् । शरीरको सुख मात्र हेरेका छन् । तर वात्स्यायनले यसलाई तत्वज्ञानका दृष्टिले अध्यात्मसम्म जोड्ने साधन मानेका छन् ।

वात्स्यायनले वैवाहिक जीवनलाई मर्यादित र व्यवस्थित बनाउने साधनका रूपमा कामलाई मानेका छन् । विवाहपछिको जीवनमा कामसुख मिलेन भने जीवन निरस र निरर्थक बन्दछ । आधुनिक शरीरशास्त्रका दृष्टिमा यो कुरा उचित देखिन्छ । पाश्चात्य जगत्मा कामशास्त्रको चर्चा दुई सय वर्षयता मात्र हुन थालेको छ भने पूर्वीय जगत्मा दुई हजार वर्षअघिबाटै काम चर्चा व्याख्या भएको छ । वात्स्यायनले महत्वपूर्ण ग्रन्थ- 'कामसूत्र' रचेर एउटा ठूलो क्रान्तिदर्शी पाइला चालेका हुन् । आज एक्काइसौं शताब्दीमा त "काम' शास्त्रबारे खुलेर चर्चा गर्ने परिस्थिति विकसित भएको छैन भने दुई हजार वर्षअघि नै यस्तो अद्भुत र विचित्रको ग्रन्थ कामसूत्र उनले कसरी लेख्न सके ? यो बडो अनौठो र आश्चर्यजनक कुरा हो ।

यस कामसूत्रको पहिलो अध्यायमा धर्म, अर्थ र काम तीनवटै पुरूषार्थलाई नमस्कार गरिएको छ । यी तत्वबारे ज्ञान गराउने गुरूहरूलाई नमस्कार गरिएको छ । संसारको सृष्टिसँगै मानव सृष्टिपछि यस सृष्टिलाई राम्ररी संचालन गर्न प्रजापति अर्थात्- संसारका रचयिताले नै एक लाख अध्याय भएका महाग्रन्थहरू समेत रचेका थिए । तीमध्ये धर्म सम्बन्धी विषयहरूलाई स्वयम्भु मनुले छुट्याएर अर्को ग्रन्थ 'मनुस्मृति' बनाए । त्यसपछि बृहस्पतिले अर्थशास्त्र सम्बन्धी अध्याय छुट्याएर 'अर्थशास्त्र' को ग्रन्थ रचे । त्यही परम्परा कौटिल्यको अर्थशास्त्रसम्म आइपुग्यो ।

शिवजीका नन्दी नाम गरेका गण-सेवकले कामसूत्र छुट्याएर एक हजार अध्यायभित्र निर्माण गरेका थिए । फेरि श्वेतकेतु भन्ने आचार्यले त्यस एक हजार अध्यायलाई छोट्याएर पाँच सय अध्यायको कामसूत्र तयार पारे । बभ्रु भन्ने अर्का विद्वान्ले त्यस ग्रन्थलाई १५० अध्यायमा सीमित पारे । फेरि बभ्रुका पुत्र वाभ्रव्यले त्यसको पनि संक्षेप गरेर कामसूत्र सार बनाए । तर पछि यो पनि जनसाधारणमा प्राप्त हुन सकेन । त्यसपछि मात्र सबैले बुझ्ने र जान्ने गरी अति संक्षेपमा वात्स्यायनले कामसूत्र बनाएको कुरा वर्णन गरिएको छ । क्रमशः

# शिक्षानीतिमा सुधार कहिले ?



✍ नगेन्द्रराज पौडेल

भनिन्छ, 'नीतिहरूको राज राजनीति हो ।' राजनीति सही मार्गमा हिँडने हो भने अन्य नीतिलाई स्वतर्स्फुतरूपमा मार्ग समात्न कर लाग्छ । राजनीतिलाई पनि मार्गनिर्देशन गर्ने त्यहाँको शिक्षा नीतिले हो । जुनप्रकारको शिक्षा हासिल गरेको छ, सोहीअनुसारको राजनीतिक संस्कारको प्रादुर्भाव गर्ने हो । स्वर्गीय राजा वीरेन्द्रले सायद बेलायतमा शिक्षा लिएकोले गर्दा होला, उनलाई उदार प्रजातन्त्रवादी राजाका रूपमा चिन्ने गरिन्थ्यो । अर्थात् 'शिक्षा नै राजनीतिक चिन्तनको उपज हो' भन्न सकिन्छ ।

यतिबेला हाम्रो शिक्षानीति अन्योलग्रस्त छ । संघीयतासहितको संविधान लागू भएको पनि दशक बितिसक्यो । संविधानले संघीयता अंगीकार गरे पनि प्रशासनिक क्षेत्रमा संघीयता पूर्णरूपमा प्रयोगमा आउन सकेको छैन । राजनीतिक संरचना संघीयताअनुकूल विकास गरिए पनि प्रशासनिक ढाँचा पुरानैस्वरुपको हुँदा शिक्षा क्षेत्र पनि यसबाट अछुतो रहनसक्ने कुरा भएन । 'एक दशकमा एउटा शिक्षा ऐनसमेत दिन नसक्ने राजनीतिक नेतृत्वले शिक्षा क्षेत्र कसरी हाँके होलान् ?' सहजै अनुमान गर्न सकिन्छ ।

**शिक्षकको लगाव**

दुई दिनअघिमात्र चैत २०८२ मा लिइएको कक्षा १० को अन्तिम परीक्षा (एसईई) नतिजा प्रकाशित भएको छ । सम्भवत: सबैभन्दा छोटो समयमा नतिजा प्रकाशित भएको यो नै पहिलोपटक होला ! सरकारले एसईईको नतिजा परीक्षा सकिएको एक महिनाभित्र सार्वजनिक गर्ने घोषणा नै गरेको थियो । परीक्षा सकिएको २९ दिनका दिन नतिजा सार्वजनिक पनि भयो ।

यसरी समयमा नै नतिजा प्रकासन गर्ने महत्वपूर्ण भूमिका भने शिक्षकले निर्वाह गरेका छन् । उनीहरूले परीक्षा सकिएकै दिन सम्बन्धित परीक्षा केन्द्रमा गएर तत्काल उत्तरपुस्तिका परीक्षण गरेका थिए । विगतका वर्ष यही काम फत्ते गर्न झण्डै तीन महिना लाग्ने गर्थ्यो । शिक्षकको मेहनतमा मात्र यो काम सम्भव भएको हो । शिक्षाविद् प्राडा. मनप्रसाद वाग्ले एक महिनाभित्र नै सरकारले कक्षा १० को अन्तिम परीक्षाको नतिजा प्रकाशन गर्नु सकारात्मक कदम ठान्छन् र उनी यो कामको जस शिक्षकलाई दिन्छन् । 'शिक्षा क्षेत्रको सुधार शिक्षकले नै गर्ने' वाग्लेको निष्कर्ष छ ।

आजका विद्यार्थी भोलिका राष्ट्रका कर्णधार हुन् । देश हाँक्ने जनशक्ति हुन् । उनीहरूलाई सक्षम, सबल बनाउने मुख्य जिम्मा शिक्षकको नै हो । यसकारण विद्यार्थीलाई 'काँचो माटो' भनिन्छ, जसलाई कुमालेले जे बनाउन चाह्यो, उही बनाउन सक्छ । विद्यार्थीका हकमा पनि शिक्षक कुमाले हुन्, ता कि आफ्ना विद्यार्थीलाई जस्तो शिक्षा दियो, उनीहरू त्यस्तै बन्छन् । यसैकारण संसारका सबैजसो देशमा शिक्षकलाई सम्मानपूर्वक हेरिन्छ । उनीहरूप्रति आदर्श व्यवहार गरिन्छ । अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले त 'मेरो छोरोलाई यी विषय सिकाइदिनू' भनी आफ्नो छोरो पढ्ने विद्यालयका प्रधानाध्यापकलाई चिट्ठी नै लेखेका थिए । आदर्श नभई व्यावहारिक शिक्षामा जोड दिँदै उनले लेखेको 'मेरो छोराले के सिकोस् ?' नामक चिट्ठी आज पनि प्रत्येक शिक्षकका लागि सिकाइको मार्गदर्शन बन्न सक्छ । विद्यार्थीका लागि सिकाइको मानक बन्न सक्छ र अभिभावकका लागि उपयुक्त दृष्टान्त बन्न सक्छ ।

**अधिकारको किचलो**

नेपालको संविधानको 'अनुसूची ८'ले 'माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहको' भनी किटान गरेको छ । प्रचलित शिक्षा ऐन तथा नियमावलीले शिक्षाका दुई तह किटानी गरी १ देखि ८ आधारभूत र ९ देखि १२ लाई माध्यमिक तह भनेको छ । प्रत्येक कक्षाको परीक्षा विद्यालय आफैंले सञ्चालन गर्ने र तहको अन्तिम परीक्षा तेस्रो पक्षबाट सञ्चालन गर्ने चलन पुरानै हो । विगतमा प्राथमिक तहको अन्त्यमा कक्षा ५, निमावि तहको अन्त्यमा कक्षा ८ र माध्यमिक तहको अन्त्यमा कक्षा १० (एसएलसी) परीक्षा सञ्चालन, व्यवस्थापन यसरी नै गरिएको थियो । आजको कक्षा १० माध्यमिक तहको अन्तिम कक्षा होइन । यो तहको शैक्षिक अधिकार स्थानीय तहमा सरिसकेको छ । यसैले विगतझैं अनावश्यक तामझाम अब जरुरी छैन । आज पनि विद्यार्थीमा एसईईलाई लिएर मनोवैज्ञानिक त्रास र भय उत्पन्न गराउन छाडिएको छैन । यसपटक पनि वीरगन्जका एक विद्यार्थी एसईईमा सन्तोषजनक नतिजा नआएको भन्दै आत्महत्या गरेका छन् । यसपछाडि एसईई मनोविज्ञानले काम गरेको प्रस्ट देख्न सकिन्छ । आज पनि हिजोकै 'फलामेढोका' मानिने एसएलसीकै शैली आज कक्षा १० को परीक्षामा पुनरावृत्ति भएको छ । संघीयतामा मुलुक गइसकेपछि माध्यमिक तह र खासगरी कक्षा १० का लागि सरकारी हौवा आवश्यक नपर्ने शिक्षाविद्को ठहर छ ।

'फलामे साङ्लो' भनेर हाउगुजी देखाइने यो परीक्षा आज आएर कक्षा ११ का लागि प्रवेशको आधारमात्र भएको छ । शिक्षा ऐनमा गरिएको परिवर्तनसँगै आधारभूत तहमा शिक्षक हुनका लागि पनि कम्तीमा कक्षा १२ उत्तीर्ण भएको हुनुपर्ने व्यवस्थाले गर्दा कक्षा १० को अन्त्यमा लिइने परीक्षालाई ठुलै तामझाम देखाउन आवश्यक छैन । विद्यार्थीको भावी सिकाइलाई गन्तव्यतिर लैजाने र आगामी दिनका लागि शैक्षिक मार्गदर्शन गर्ने काममा भने यो परीक्षा र त्यसको परिणामलाई उपयोगी बनाउन सकिन्छ ।

**नीति तथा कार्यक्रममा शिक्षा**

सरकारले यही २८ वैशाखमा राष्ट्रपति रामचन्द्र पौडेलमार्फत् सरकारको आगामी आर्थिक वर्ष २०८३ /०८४ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । सो नीतिका आधारमा शिक्षकलाई उचित पारिश्रमिक व्यवस्था गरिने र निजी विद्यालयलाई सेवामुखी बनाउने उल्लेख गरिएका छन् । माध्यमिक तहसम्मको शिक्षा पूर्णरूपमा नि:शुल्क बनाइने सरकारले कार्यक्रममार्फत सार्वजनिक गरेको छ । उच्च शिक्षालाई श्रम बजारसँग आबद्ध गराउने, १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट र सिकाई प्रविधि विकासजस्ता विषयत कार्यक्रममा आएका छन् । विश्वविद्यालयको शासकीय संरचनामा सुधार गरिने तथा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलनलाई प्राथमिकता दिइने पनि सरकारले अघि सारेको छ । अब बजेटमार्फत् यी विषय सुनिश्चितता हुन जरुरी छ । दर्बिलो शिक्षानीति अभाव आज पनि खट्केको छ । कम्तीमा पनि चालू बर्खे अधिवेशनमार्फत् सरकारले शिक्षकका समस्या सम्बोधन हुनेगरी शैक्षिक गुणस्तर सुनिश्चिततासहितको दिशानिर्देश गर्नेगरी विद्यालय शिक्षा ऐन ल्याउन जरुरी छ ।

**एसईईमा देखियो सुधार**

राष्ट्रिय परीक्षा बोर्डले २८ वैशाखमा प्रकाशित गरेको नतिजाअनुसार २०८२ सालको एसईईमा गत वर्ष ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए भने यसपटक ६५.९८ प्रतिशत ग्रेडिङमा परेका छन् । गत वर्षभन्दा यो वर्ष ४.१७ प्रतिशतले सुधार आएको छ । सरकारले यसपालिदेखि एसईई परीक्षा नतिजा एक महिनाभित्रै सार्वजनिक गर्ने घोषणा गरेअनुसार २९ वैशाख तय गरिएको थियो । तर, समयमै काम सकिएकाले एक दिनअगावै नतिजा सार्वजनिक भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

**कमजारी कहाँ**

आज पनि ३४.०२ प्रतिशत विद्यार्थी 'ननग्रेडिङ'मा परेका छन् । सरकारको लक्ष्य 'शतप्रतिशत विद्यार्थी उत्तीर्ण होउन्' भन्ने नै हुनुपर्छ । विगतभन्दा सुधार भएकै भरमा सन्तोष मान्ने छुट सरोकारवालालाई छैन । विषयगत शिक्षक व्यवस्था, सतप्रतिशत शिक्षकलाई तालिम, सबै शिक्षकसँग अध्यापन अनुमतिपत्र अनिवार्य व्यवस्था, विद्यालयको भौतिक निर्माण तथा सुधारजस्ता कार्यमा सरकारी लगानी आज पनि अब्बल छ । विद्यार्थीका लागि नि:शुल्क पठनपाठन, नि:शुल्क पाठ्यपुस्तक, महिला तथा दलितका लागि छात्रवृत्ति व्यवस्था, २२० दिन विद्यालय खोली १९० दिन पठनपाठन हुनैपर्ने कानुनी व्यवस्थासमेत छ । कतै यति धेरै विद्यार्थी अनुत्तीर्ण हुनुका पछाडि यी सबैको समुचित कार्यान्वयन र त्यसको अनुगमन हुन नसक्नु त होइन ? सोच्न जरुरी छ । यो नै आजको सबैभन्दा ठूलो समस्या हो ।

**कारण के हो ?**

सामुदायिक विद्यालयमा दरबन्दी पुनरावलोकन हुन सकेको छैन । कतै पर्याप्त दरबन्दी छैन त कतै बिनाविद्यार्थी शिक्षक दरबन्दी थुपारिएको छ । 'जहाँ विद्यार्थी त्यहाँ शिक्षक'को नीति लागू हुन जरुरी छ । सरकारले केही वर्षअघि 'शिक्षक दरबन्दी पुनरावलोकन गर्न' भनी पूर्वसचिव महाश्रम शर्मा नेतृत्वमा टोली गठन गरी प्रतिवेदन मागेको थियो । उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनसमेत गुपचुप हुने मुलुकमा 'यो समितिको प्रतिवेदन कार्यान्वयन होला ?' भनेर पत्याउन सकिने अवस्था रहेन ।

संविधानले माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहलाई जिम्मा दिएको छ । अनुगमन, मूल्यांकनका लागि यी तह बढी जवाफदेही हुनुपर्ने थियो । तर, यिनले पनि शिक्षक भर्ना र सरुवामा नै रमाएको पाइयो, अनुगमन पटक्कै हुन सकेन ।

तहगत शिक्षक अभाव आज पनि छ । विद्यालय व्यवस्थापन समितिले रिक्त शिक्षक दरबन्दीमा विषयगतभन्दा पनि आफ्ना अनुकूलका मान्छेलाई नियुक्त गर्न वा सरुवा गर्नैका लागि विषय परिवर्तन गर्ने चलन छ । यसले गर्दा आज कैयन विद्यालयमा सामाजिक विषयका शिक्षकको भीड छ भने विज्ञान शिक्षक अभाव छ । शिक्षकको नियमिततासमेत हुँदैन । यसलाई नियन्त्रण गर्ने हैसियत प्रधानाध्यापकसँग छैन । बजेट समुचित परिचालनसमेत हुन सकेको छैन । प्रावि तहका शिक्षक माविका प्रअ बनेका छन् । ज्येष्ठताको कुनै गुञ्जायस नै छैन । गिर्दो मनोबलले उच्चस्तरीय कार्य सम्पादन गर्न सक्दैन । माथि उल्लेख कतिपय कारणले आशातीत नतिजाका लागि व्यवधान बनेका हुन सक्छन् । ६५ प्रतिशत उत्तीर्णमा रमाउनुभन्दा ३५ प्रतिशत 'के कारणले पछि परे ?' त्यसको खोजी हुन जरुरी छ । कहाँनेर कमजोरी छ, त्यसको पहिचान गरी त्यही बिन्दुबाट उपचार जरुरी छ । अर्को शब्दमा निदानात्मक उपचार अपरिहार्य छ ।

**सिकाइ खोजौं**

अब कक्षा १० को मात्र होइन, हरेक कक्षा र तहको पठनपाठनपछि उत्तीर्ण वा अनुत्तीर्णको रोइलोभन्दा सिकाइ उपलब्धि कति पूरा भए कति भएनन् ? भन्नेतर्फ ध्यान दिन जरुरी छ । शिक्षाको मर्म पनि व्यावहारिक परिवर्तन हो र यसको मापन नै वास्तविक परीक्षा हो । ३६४ दिन पढेको कुरालाई एक दिन, त्यो पनि ३ घण्टामा व्यक्त गर्न सके वा नसकेका आधारमा उसको आगामी दिनको भविष्यवाणी सम्भव छैन । यसैका आधारमा गरिने भविष्यको मर्गदर्शन उपयुक्त नहुन सक्छ ।

खोतल्दै जाँदा समाजले चाहेको शिक्षा र हाम्रा बाबुनानीले चाहेको शिक्षाबीच तादात्म्यता नमिलेको देखिन्छ । अबको शिक्षा नीति गरिखानेखाले हुन जरुरी छ । हरेक व्यक्तिले हासिल गरेको शिक्षाले उसलाई जीवनयापनका लागि सघाउने हुनुपर्छ । उत्तीर्ण अनुत्तीर्णको बिल्ला भिरेरमात्र व्यक्तिको जीवन अघि बढ्न सक्दैन । तसर्थ, अब बन्ने शिक्षा नीतिले व्यावहारिक तथा प्रयोगात्मक पक्षलाई पनि समेटन सक्नुपर्छ ।

## जातीय-सांस्कृतिक संग्रालय ओझेलमा



**धनकुटा/** धनकुटामा रहेका जातिय तथा सांस्कृतिक संग्रालयहरू ओझेलमा परेका छन् । चौबिसे गाउँपालिका-२, मुढेबासस्थित डाँडागाउँमा मगर जातिको सङ्ग्हालय ओझेलमा परेको छ । पर्याप्त प्रचारप्रसार र सडक पहुँच नभएका कारण सङ्ग्हालय ओझेलमा परेको हो । सङ्ग्हालयमा करिब एक सयभन्दा बढी पुराना सामान सङ्ग्ह गरिए पनि अवलोकनका लागि भने कमै मात्रामा पर्यटक पुग्ने गरेका छन् । मगर जातिले प्रयोग गर्ने पुराना तथा लोपोन्मुख सामग्री रहेको गाउँपालिकाका उपाध्यक्ष टंकमाया पाङ्मी मगरले बताईन् । सङ्ग्हालययसँगै सो स्थानमा हामस्टे सञ्चालन गर्ने तयारी गरेपनि होमस्टे सञ्चालन हुन नसक्दा सङ्ग्हालय पनि ओझेलमा परेको उनको भनाइ छ ।

सङ्ग्हालय निर्माणका लागि चार वर्ष पहिले निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमको दस लाख रूपियाँबाट सुरूवात गरिएको थियो । धनकुटामै सबैभन्दा बढी मगर जातिको बसोवास रहेको मुढेबासमा मगर समुदायको वेशभूषा, भाँडाकुँडा, बाजा, पुराना हातहतियार, काठका सामग्री लगायत लोपोन्मुख अवस्थाका वस्तु सङ्ग्ह गरिएका छन् ।

यस्तै चौबिसे गाँउपालिका ७ डाँडाटोलमा निर्माण गरीएको जनजाती सङ्ग्हालय पनि ओझेलमा परेको छ । विशेषगरि लिम्बू जातिहरूको संस्कार तथा संस्कृतिहरू हेर्न पाइने यो सङ्ग्ाहलय २०७५ सालमा निर्माण गरएिको हो । यहाँ लिम्बू याखा, मगर लगाएत बिभिन्न जातिको संस्कृतिहरू झल्कने वस्तुहरूको अवलोकन गर्न सकिन्छ । यस स्थानमा साना तथा ठूला सवारी साधनबाट पुग्न सकिन्छ । सङ्ग्हालय निर्माण गरिएपनि सो क्षेत्रमा पर्यटक नपुग्दा सङ्ग्ाहालय ओझेलमा परेको गाउपालिका अध्यक्ष राजकुमार चेम्जोङले जानकारी दिएका छन् ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१९५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



हजार भन्दा बढि सर्प उद्धार

# सर्पका सारथी रमेश

**उर्लाबारी/** मोरङको उर्लाबारी-४ का २९ वर्षीय रमेश भण्डारी नौ वर्षदेखि सर्प उद्धारमा तल्लीन छन् । उनी स्थानीय स्तरका सर्प सारथीकै रूपमा चिनिएका छन् । भण्डारीको २० वर्षको उमेरमा छिमेकी प्रेम विष्टसँग सङ्गत भयो । विष्ट वन कार्यालयका सुरक्षाकर्मी थिए । सर्प उद्धारमा सिपालु विष्टको सङ्गत गर्दागर्दै रमेशमा पनि सर्प उद्धारको भोक जाग्यो । प्रेम विष्टसँग ठुला र विषालु सर्प कुनै पनि उपकरणबिना च्याप्प समात्ने कला थियो । विष्टसँग सर्प उद्धार गर्न सिक्दासिक्दै रमेशले पनि पहिला विष नभएका सर्प समात्न थाले । पहिलो वर्ष विष नभएका सर्प समात्दा थुप्रै पटक सर्पले डस्यो । उनले भने, 'विष नभएका सर्प समात्न वा उद्धार गर्न त्यति जोखिम भएन । डसिहाल्यो भने पनि मरिन्न भन्ने आत्मविश्वास हुँदो रहेछ ।'

रमेशको सर्प उद्धार गर्ने अभियान यत्तिकैमा रोकिएन । प्रेम विष्टसँग हिँड्दाहिँड्दै उनले विषालु सर्पको उद्धार गर्ने विधि, प्रक्रिया र सर्पको परिस्थितिजन्य स्वभाव अध्ययन गर्ने मौका पाए । नौ वर्षको अवधिमा रमेशले एक हजार तीन सयभन्दा बढी सर्प उद्धार गरिसकेका छन् । कहिले खेत खलियानबाट त कहिले भान्साघरबाट । ओछ्यानबाट समेत विषालु करेत सर्प उद्धार गरिसकेका भण्डारी विषालु सर्प देख्नेबित्तिकै जोखिम र सतर्कता अपनाउनुपर्ने बताउँछन् । उनले भने, "सर्पले उद्धारकर्तालाई चिन्छ जस्तो लाग्छ । उद्धारकर्मी पुगेपछि सर्पहरु धेरै सतर्क हुन्छन् । सर्पलाई ढुङ्गा हान्ने, लाठी प्रहार गर्ने, घोच्ने वा आगो लगाउने गर्नु हुँदैन । त्यसो गरियो भने सर्प आक्रामक हुन्छन् । ज्यान बचाउन हिंस्रक हुन सक्छन् । सर्पलाई पीडा नभई मानिसप्रति आक्रामक हुँदैन । सर्पले वातावरणीय सन्तुलन कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्ने गर्छन् । खेतबारीमा हुने मुसा नियन्त्रणदेखि कीटाणु नियन्त्रण गर्नसमेत सर्पको योगदान हुने गर्छ तर मानिसमा अझै पनि सर्पप्रति भय रहेको देखिन्छ ।" यही भय हटाउन रमेश भण्डारी अचेल विभिन्न विद्यालय, किसान समूह तथा स्थानीय संस्थामा सर्पसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै हिँड्छन् । निजी खर्चमा कार्यक्रम गरिरहेका भण्डारी भन्छन्, "उनीहरूको वासस्थान जोगाउन सके सर्पहरु घरमा पस्दैनन् ।" मानिसकै कारण सर्प पनि जोखिममा परेको भण्डारीको बुझाइ छ ।

रमेशलाई सुरूका दिनमा घरपरिवारका सदस्यले यस्तो जोखिमयुक्त काम नगर्न सुझाव दिएका थिए तर रमेशले कसैका कुरा नसुनी सर्प उद्धारलाई निरन्तरता दिइरहेका छन् । अचेल वर्षायाममा सर्प उद्धारमै उनको दिन बित्छ । सर्प उद्धार स्वयंसेवी काम हो । पैसा कमाइ नभए पनि रमेश दिनरात नभनी सूचना आउनासाथ घरबाट निस्किन्छन् । उनी भन्छन्, 'पैसा नकमाए पनि नाम चलेको छ । त्यसैलाई सम्पत्ति मानेको छु ।'



# लिचिले गर्छ यति धेरै फाईदा

यो लिची पाउने सिजन हो । अहिले गाउँ, सहरमा जताततै लिची हरेक पसलतिर लिची देखिन्छ । बालबालिकादेखि वृद्धासम्म हरेकलाई मन पर्ने मौसमी फलफूलमध्येको एक हो लिची । लिची देख्ने बित्तीकै हामी सबैको मुख रसाउने र खाइहालौँ जस्तो लाग्ने गर्छ। लिची भिटामिन सी तथा पोटासियमको महत्वपूर्ण स्रोत हो। साथै लिचिमा फलाम, क्याल्सियम, फस्फोरस जस्ता तत्त्व प्रशस्त मात्रामा पाइने चिकित्सकको भनाइ छ ।

लिची खानाले गर्मी मौसममा शरीरलाई पानीको मात्रा सन्तुलित बनाउन मद्दत गर्छ। लिचीमा प्रशस्त मात्रामा मिनरल्स, क्याल्सियम, फस्फोरस, म्याग्नेसियम हुन्छ जुन शरीरको विकासका लागि फाइदाजनक मानिन्छ। लिचीमा प्रशस्त मात्रामा पानी पाइन्छ, त्यसैले यसले यो गर्मी मौसममा शरीरलाई चिसो र हाइड्रेट राख्न मद्दत गर्छ ।

**लिची सेवनका फाइदा**

- महिलामा हुने स्तन क्यान्सरबाट बच्न लिचीको सेवन लाभदायक मानिन्छ ।
- लिची सेवनले अनुहारमा भएको चाउरीपना हट्नुका साथै अनुहारमा चमक ल्याउन मद्दत गर्छ ।
- लिचीको सेवनले उच्च रक्तचाप कन्ट्रोल गर्न मद्दत गर्छ ।
- लिचीले बच्चाको शारीरिक विकासमा सहयोग पुर्याउँछ ।
- लिची सेवनले भोक जगाउँछ ।
- लिचीको दैनिक रूपमा सेवन गर्दा शरीरमा क्यान्सर कोशिकालाई बढ्न दिँदैन ।
- स्मरण शक्ति वृद्धि गर्न मद्दत गर्छ ।
- शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउन समेत मद्दत गर्छ ।
- दमका रोगीलाई समेत लिची लाभदायक मानिन्छ ।
- लिचीमा प्रशस्त फाइबर हुन्छ, जसले पाचन प्रणाली ठीक राख्न मद्दत गर्छ ।
- लिचिको सेवनले कपालमा चमक दिन्छ ।

**लिचीका बेफाइदा**

लिचीमा एक प्रकारको 'हाइपोगलाइसिन ए' र 'एमसिपिजी' नामक रसायन पाइन्छ । यसले शरीरमा ग्लुकोज बन्ने प्रक्रियालाई रोक्छ । यसले सुगरको मात्रा अचानक कम पनि हुन्छ । यस्तै लिचीको अत्यधिक उपभोग गर्ने र रातिको खाना नखाई सुत्दा रगतमा चिनीको मात्रा अत्यधिक कम हुन्छ र फलस्वरूप इन्सेफलोप्याथीको लक्षणसमेत देखापर्ने विज्ञहरूको भनाइ छ ।

## पुस्तक-साभार

राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



# राजनीतिसँग राजकाज

✍ रविन्द्र मिश्र

गताङ्क.....

राजनीतिमा आउनुपूर्व उनी पत्रकार थिए । उनले सन् १९८० मा लेखेको हाउ टू बी अ मिनिस्टरलाई कैयौ महत्त्वपूर्ण मन्त्रालय सम्हालेका विपक्षी राजनीतिज्ञ के क्लार्कले पहिलो पटक मन्त्री बनेका सबैलाई पढ्न सिफारिस टिप्पणी गरेका कार्यालयले उक्त पुस्तक सिफारिस गरेको बताइन्छ

रूपमा सुसंस्कृत राजनीति राज नियुक्त हुने देशमा समेत गरेको प्रस्टै बुझ्न सकिन्छ ।

पुस्तकमा मन्त्री कसरी बन्ने मन्त्री बनेपछि मन्त्री बनेपछि काम कसरी सुरुवात गर्ने भएको चलायमान बनाउने, मस्यौदाहरू कसरी तयार पार्ने, बनाउने, मन्त्रिपरिषद् र संसदमा कसरी प्रस्तुत हुने, आफ्ना पार्टी निर्वाचन क्षेत्रसँगको सन्तुलन कसरी कायम गर्ने जस्ता अनेक विषय अत्यन्तै सहायक सिद्ध हुने सामग्री प्रस्तुत गरिएको छ। स्वाभाविक रूपमा बेलायत र नेपालको परिप्रेक्ष्य र सन्दर्भमा आकाश जमिनको अन्तर छ । बेलायतको राजकाजमा शब्द र वाक्य समायोजनका जटिलता होलान् । तर नेपालको राजकाजमा त शब्द ने सिकाउनुपर्ने अवस्था देखियो । दशकौसम्म राजनीति गर्दा पनि कसैले राजकाज शुद्धसँग लेख्न सकेको देखिएन ।

अब के गर्ने ? इमानदार नेतृत्व चयन

केटाकेटीहरूलाई इमानदारी सिकाउन सकिन्छ । तर उमेर पुगिसकेकाहरूलाई इमानदार बन्न सिकाउन सकिँदैन, त्यो आत्मज्ञानबाट प्राप्त हुने गुण हो । विधिको शासनले ठूलो हदसम्म नागरिकहरूलाई इमानदार बनाउन बाध्य तुल्याउन सकिन्थ्यो । तर हामीकहाँ शासन गर्नेहरूबाटै विधि तोडिने गरेको छ । त्यसैले त्यो पनि सम्भव भएन । हाउ टू बी अ मिनिस्टरमा हाउ टू बी अनेस्ट अर्थात् इमानदार कसरी बन्ने भन्ने खण्ड नै छैन । त्यो बेलायती राजनीतिज्ञहरूका लागि गर्न र तिनलाई सक्रिय बनाउन उड्ग चाहिन्छ ।

नभएपछि रवहरू स्वत: लतपतिने नै भए । माल पाएर चाल नपाएपछि के गर्नु भने जस्तै हो । अहिले प्रधानमन्त्री केपी ओली र उनका मन्त्रीहरू राजकाजको ढङ्गमा पूर्ण रूपले चुकेका छन्- विगतका प्रधानमन्त्री र सरकारहरू जस्तै । राजकाजका आफ्नै जटिलता नहुने होइनन् । तर अत्यन्तै सामान्य विषयमा बारम्बार चुकेको देखिएपछि विश्वासहरू आफै टुट्न थाल्छन् ।

उदाहरणका लागि, दुईतिहाइ बहुमतप्राप्त सरकारले आमूल परिवर्तनकारी विकासका केही प्रमुख एजेन्डामा दिनरात केन्द्रित हुनुको साटो सात ओटा तोकिएका ठाउँबाहेक सिङ्गो काठमाडौलाई निषेधित क्षेत्र लागू गर्नमा ऊर्जा खेर फाल्नुपर्थ्यो ? समाजवाद उन्मुख सरकारले आफै उठाउनुपर्ने माग डा. गोविन्द केसीले उठाइदिँदा उनीमाथि त्यसरी जाइलाग्नुपर्थ्यो ? गङ्गामाया अधिकारीबारे सर्वोच्च अदालतले गरेको निर्णय पालना गर्न केले रोकेको थियो ? संस्कृत विश्वविद्यालयका कुलपतिलाई त्यस्तो अपमानजनक ढङ्गबाट व्यवहार गर्न हुन्थ्यो ? साढ़े चार करोड रूपैयाँको भारतीय सहयोगमा बनेको पुस्तकालय उद्घाटन गर्न प्रधानमन्त्री आफै जानुपर्थ्यो ? अनि चीनलाई दुई ओटा गैडा हस्तान्तरण समारोहमा प्रधानमन्त्री आफै उपस्थित हुने हो ? यो के गाईजात्रा गरेको ? यस्ता विषयमा अल्झिएपछि वास्तविक राजकाजमा स्वत: आँच पुग्ने नै भयो ।

# गर्मीका कारण विद्युत खपत उच्च

**दमक/**भारतमा बढ्दो गर्मीका कारण शीतलन उपकरणको प्रयोग तीव्ररूपमा बढेपछि देशको बिजुली मागले लगातार नयाँ कीर्तिमान बनाएको छ । गर्मीबिच ऊर्जा उत्पादकले रेकर्ड स्तरमा विद्युत् उत्पादन गर्दै देशको अहिलेसम्मकै उच्च माग पूरा गरेका छन् । भारतको ऊर्जा मन्त्रालयका अनुसार बिहीबार लगातार चौथो दिन देशको चरम बिजुली मागले नयाँ सर्वकालिक उच्च रेकर्ड कायम गरेको हो ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार बिहीबार दिउँसो ३:४५ बजे भारतको चरम बिजुली माग २७०.८२ गिगावाट पुगेको थियो, जुन सफलतापूर्वक आपूर्ति गरिएको बताइएको छ । उक्त समयमा राजधानी नयाँदिल्लीको तापक्रम ४५.३ डिग्री सेल्सियस पुगेको थियो । मन्त्रालयले यो स्तरलाई भारतको इतिहासकै सबैभन्दा उच्च चरम बिजुली मागको रूपमा वर्णन गरेको छ । यसअघि बुधबार २६५.४४ गिगावाटको रेकर्ड कायम भएको थियो, जसलाई एक दिनमै उछिन्दै नयाँ कीर्तिमान बनेको हो ।

ऊर्जा मन्त्रालयले बढ्दो तापक्रमका कारण एयर कन्डिसनर, कुलर तथा अन्य शीतलन उपकरणको प्रयोग अत्यधिक बढेकाले बिजुलीको माग अस्वाभाविक रूपमा चुलिएको जनाएको छ । मन्त्रालयले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको विवरणमा माग वृद्धिको मुख्य कारण यही भएको उल्लेख गरिएको छ । भारतको कुल विद्युत् उत्पादनमा अझै पनि थर्मल पावर, विशेष गरी कोइलामा आधारित उत्पादनको प्रभुत्व रहेको छ ।

हाल देशको कुल बिजुली उत्पादनमध्ये ६२ प्रतिशत हिस्सा कोइलाजन्य थर्मल पावरबाट प्राप्त भइरहेको मन्त्रालयले जनाएको छ । सौर्य ऊर्जाबाट २२ प्रतिशत, हावा र जलविद्युतबाट पाँच प्रतिशत तथा बाँकी अन्य स्रोतबाट उत्पादन भइरहेको छ ।

# बिमानस्थलको सडक कालोपत्रे शुरु

**खोटाङ/** खानीडाँडा विमानस्थलदेखि-याम्खा-रातमाटा-पञ्चमीबाट दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालय हुँदै थामर्खक जोड्ने सडक कालोपत्र (अस्फाल्ट पिच) सुरू गरिएको छ । सङ्घीय सरकारको ५० प्रतिशत र कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको ५० प्रतिशत गरी बहुवर्षीय योजना अन्तर्गत विनियोजन भएको ३० करोड रूपियाँ बजेटमा सो सडक कालोपत्र सुरू गरिएको हो ।

ठेकेदार कम्पनी पवित्रा-गाउँले जेभी उदयपुर गाईघाटले १७ करोड ४४ लाख १० हजार रूपियाँमा सम्झौता गरेर सडक निर्माणसहित कालोपत्र सुरू गरेको पूर्वाधार विकास कार्यालयका प्रमुख विनम दाहालले जानकारी दिए । सम्झौता अनुसार ठेकेदार कम्पनीले दुई वर्ष ११ महिनाभित्र काम सम्पन्न गरेर हस्तान्तरण गर्नुपर्ने छ ।

सम्झौता अनुसार आठ किलोमिटर सडक निर्माणसहित अस्फाल्ट पिच गरिने जनाइएको छ । उक्त सडक निर्माण सम्पन्नपछि जिल्लाको दक्षिणी भेगका स्थानीयसँग सिधा यातायात सम्पर्क स्थापित हुनुका साथै स्थानीय बासिन्दालाई सदरमुकाम दिक्तेल बजार आवतजावतमा सहज हुने छ ।

# विद्यावारिधी गर्ने १७ सम्मानित



**धरान/** साहित्यकार एवं धरानका पुराना अभियन्ता स्वार्गिय जगदीश नेपालीको स्मृति दिवसको अवसरमा बिहीबार धरान वडा १४ एकै वडा विजयपुरमा जन्मेर हुर्किएका १७ जना विद्यावारिधि गरेका अगुवाहरूलाई 'विद्वत सम्मानपत्र'द्वारा सम्मानित गरिएको छ ।

सम्मानितहरूमा प्राडा. माधवप्रसाद पोखेल, प्राडा. टङ्क प्रसाद न्यौपाने, प्राडा.भरतप्रसाद भट्टराई, प्राडा.चन्द्रमणि नेपाल, डा. राजेन्द्र शर्मा पोखेल, डा.चन्द्र न्यौपाने, डा.भूषण काफ्ले छन् ।साथै प्राडा. वसुधा खनाल, डा. शैलजा पोखेल, डा.अपर्णा पोखेल, प्राडा. ईश्वर पोखेल, प्राडा. सागरमणि सुवेदी, प्राडा. मदन कोइराला, डा. अमित खनाल, डा.पङ्कज खतिवडा, डा. केवल श्रेष्ठ सम्मानित भएका हुन ।

सम्मान कार्यक्रम जगदीश नेपालीका छोरा सुरेश नेपाली संरक्षक रहेको जगदीश चित्रा समाज कल्याण प्रतिष्ठानले आयोजना गरेको हो । सम्मानितहरूलाई संस्कृतका विद्वान पुरुषोत्तम भट्टराईद्वारा दोशल्ला ओढाएर प्रमाणपत्र प्रदान गरिएको थियो ।

भाषाशास्त्री महानन्द सापकोटका अनुसार स्वर्गीय जगदीश नेपाली साहित्यका प्रसिद्ध लघु कथाकार थिए । उनलाई समीक्षकहरूले नेपाली खलिल जिब्रानको उपमा पनि दिएका छन् । धरानको भानुचौक तथा भानुभक्तको शालिकको स्थापना जगदीश नेपाली कोशी अञ्चल मोटर सिण्डिकेटको सभापति हुँदा उनको पहलमा भएको थियो ।

२०३० को दशकमा साहित्यकार, मजदुर नेता, यातायात व्यवसायी सामाजिक अभियन्ताका रूपमा क्रियाशील जगदीश नेपालीले धरानको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल जेठ ०९ गते शनिबार 23 May 2026 तिथि: सप्तमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाग्यको उदय । धन लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | यात्रामा दु:ख । खर्चमा वृद्धि । |
| मिथुन | का कि कु घ ङ छ के को हा | कार्यसिद्धि । पढाइमा रुचि । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीले काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# केरामा भएको मुल्यवृद्धीले किसान उत्साही



**ईटहरी/** यस वर्ष केरामा भएको मुल्यवृद्धीले व्यवसायीक खेती गरेका सुनसरीका किसान उत्साही बनेका छन् । गत वर्ष मूल्य नै नपाएर कोसाको १-२ रूपियाँमा बेच्नु परेको केरा अहिले ५-७ रूपियाँ प्रति कोसा मूल्यमा बगानबाटै बिक्ने गरेको किसानहरूको भनाई छ । एक दशक देखि केरा खेती गर्दै आएको सुनसरीको इनरूवा नगरपालिका-९ बबियाका किसान बुधनारायण मेहताले आफूले उत्पादन गरेको केराले उचित मूल्य नपाएको भन्दै प्रत्येक वर्ष निराश हुनु परेको बताए । तर यसपालि भने चैत महिनाको अन्त्यदेखि राम्रो मुल्य पाएको उनको भनाई छ । इनरूवा र भोक्राहा नरसिंह क्षेत्रमा १० बिघा क्षेत्रफलमा केरा खेती गर्दै आएका उनले यसपटक अहिलेसम्मकै उच्च मूल्य पाएको बताए ।

एउटा गाडीमा १५ हजारदेखि २५ हजार कोसा केरा अट्ने र यसबाट लगानीअनुसारको प्रतिफल पाउने देखिएकाले खुसी लागेको उनको प्रतिक्रिया छ । स्थानीय, हाइब्रिड तथा मालभोग र हरियो जातका (जिनाइन) केरा खेती गर्दै आएका उनले उत्पादन पनि राम्रो र मूल्य पनि राम्रो भएकाले फाइदा भएको बताए ।

इनरूवा-९ बबियाकै अर्का किसान श्यामप्रसाद यादवले पनि पाँच बिघामा केरा खेती गरेका छन् । यस वर्ष बालीमा धेरै रोग नलागेको र हावाहुरीले पनि क्षति नगरेको तथा एक महिनायता बजारमा अहिलेसम्मकै उच्च मूल्य पाएकाले सोचेभन्दा बढी फाइदा हुने उनले बताएका छन् । बबियाकै किसान दिनेश मेहताले १२ वर्षदेखि केरा खेती गर्दै आएका छन् । उनले पनि यस वर्ष बगानबाटै ५-७ रूपियाँ प्रतिकोसा मूल्यमा केरा बिक्री गरिरहेको बताएका छन् । मेहताका अनुसार प्रतिकोसा चार रूपियाँसम्म मूल्य पाएमा किसानलाई घाटा नहुने अवस्था हुन्छ । किसानहरूका अनुसार चैत, वैशाख, जेठ, असार र साउन केरा बिक्रीका लागि राम्रो समय हो । तर अघिल्ला वर्षहरूमा यही अवधिमा प्रतिकोसा तीन रूपियाँभन्दा माथि नपुगेकाले किसान निराश हुने गरेका थिए ।

यस वर्षको मूल्य निरन्तर कायम रहेमा प्रतिबिघा तीन लाखदेखि साढे पाँच लाख रूपियाँसम्म नाफा हुन सक्ने किसानहरूको अनुमान छ । हाल किसानले प्रतिदर्जन ६० देखि ८४ रूपियाँमा बिक्री गरिरहेका छन् भने बजारमा १५० देखि २०० रूपियाँसम्म बिक्री भइरहेको छ । कृषि ज्ञान केन्द्र सुनसरीका अनुसार जिल्लामा प्रतिहेक्टर २८ देखि ३० मेट्रिक टन केरा उत्पादन हुन्छ । सुनसरीमा ६ सय ७५ हेक्टर क्षेत्रमा केरा खेती हुँदै आएको छ । नेपालमा कुल केरा उत्पादन तीन लाख ८ हजार ३८८ मेट्रिक टन रहेको र यो कुल मागको करिब ६० प्रतिशत रहेको व्यापारी दीपक यादवले जानकारी दिए ।

## गोली हानि २५ को हत्या

**एजेन्सी/** मध्य अमेरिकी देश होन्डुरासमा हतियारधारी समूहले दुई छुट्टाछुट्टै स्थानमा एकै दिन २५ जनाको हत्या गरेको छ । होण्डुरासको उत्तरी भेगमा पर्ने ट्रुजिलो नगरपालिकामा एउटा फार्ममा हतियारधारी समूहले आक्रमण गरि १९ जनाको हत्या गरेको हो । उक्त क्षेत्रमा कति मजदुर कार्यरत थिए र कति जना मारिए भन्ने स्पष्ट तग्यांक प्रहरीसँग छैन ।

त्यसैगरी दोस्रो हमला ग्वाटेमालाको सीमा नजिक ओमोआ इलाकामा भएको हो । हतियारधारी समुहले प्रहरीको टोलीमाथि लगातार हमला गर्दा एक वरिष्ठ अधिकारीहसहित ६ जना प्रहरी मारिएका छन् । ती प्रहरीहरू होण्डुरसमा आपराधिक गिरोह नियन्त्रण गर्न गठन गरिएको विशेष दस्ताका सदस्यहरू थिए । घटना पछि सोही क्षेत्रमा राष्ट्रिय प्रहरी र अर्धसेना परिचालन गरिएको छ ।

## ताप्लेजुङ पूर्ण खोप सुनिश्चित घोषणा

**ताप्लेजुङ/** ताप्लेजुङलाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना भएको जिल्ला घोषणा गरिएको छ । बिहीबार एक कार्यक्रमको आयोजना गरी कोशी प्रदेश सरकारका स्वास्थ्यमन्त्री मानबहादुर लिम्बूको उपस्थितिमा जिल्लालाई औपचारिक रूपमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको हो ।

९ स्थानीय तह रहेका जिल्लाका प्रत्येक वडा र स्थानीय तह पूर्ण खोप सुनिश्चित पालिका भएसँगै ताप्लेजुङलाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना भएको जिल्ला घोषणा गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जन्मेदेखि ५९ महिनासम्मका सम्पूर्ण बालबालिकालाई नेपाल सरकारबाट निःशुल्क दिइने सबै खोप लगाएकाले ताप्लेजुङलाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो ।

जिल्लाका जन्मेदेखि ११ महिनासम्मका एक हजार १२२ जना, १२ महिनादेखि १५ महिनासम्मका ४७५ जना, १६ महिनादेखि २३ महिनासम्मका ९४३ जना र २४ देखि ५९ महिनासम्मका चार हजार २४६ बालबालिकालाई खोप दिइएको स्वास्थ्य कार्यालय ताप्लेजुङका प्रमुख सुमन तिवारीले बताए । उनले महिला स्वास्थ्य स्वयंसेविकाले स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानको उच्च प्रशंसा गरे ।

***सेनाद्वारा......*** *प्रभावकारी उद्धार सम्भव हुने अपेक्षा गरिएको सेनाले जनाएको छ । दुर्गम क्षेत्रमा उद्धार तथा राहत सामग्री पुऱ्याउन सेनाले हेलिकप्टर तथा अन्य हवाई साधनलाई पनि तयारी अवस्थामा राखेको छ । सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार काठमाण्डौबाहेक सुर्खेत र इटहरीमा एक-एक वटा हेलिकप्टर 'स्ट्यान्ड बाइ' अवस्थामा राखिएको छ ।*

*मनसुन शुरू भएसँगै सातै प्रदेशमा परिचालन गर्न सकिने गरी अन्य हवाई साधनहरु काठमाण्डौमा तयारी अवस्थामा राखिने व्यवस्था मिलाइएको छ । मौसम पूर्वानुमानका आधारमा दुई वटा हवाई साधन उपयुक्त ठाउँमा पूर्वतैनाथ गर्ने योजना पनि सेनाले बनाएको छ ।*

***दुर्घटनामा......*** *त्यसक्रममा गाडी अनियन्त्रित भएर सडकबाट तल खसेको प्रहरीले जनाएको छ । गाडीमा रहेका अन्य दुई जना भने पिसाब गर्न बाहिर निस्किएका कारण सुरक्षित रहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।*

***बकर......*** मन्त्रालयले बकर इदको अवसरमा सम्पूर्ण इस्लाम धर्मावलम्बीमा शुभकामना समेत व्यक्त गरेको छ । यस निर्णयसँगै अर्को साता लगातार चार दिन सार्वजनिक तथा साप्ताहिक बिदा पर्ने भएको छ । जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा सार्वजनिक बिदा रहनेछ भने जेठ १६ गते शनिबार र जेठ १७ गते आइतबार नियमित साप्ताहिक बिदा परेको छ ।

***माङ्सेबुङमा...*** गरेर नियुक्त गरेका छौं", प्रमुख प्रशासकीय अधिकृत राईले भने । भाषिक सहजकर्ताले नेपाली र लिम्बू दुवै भाषामा अनुवादकको काम गर्नेछ । लिम्बू जातिको बाहुल्यता रहेको माङ्सेबुङमा बाहुल्य समुदायको सम्मानका लागि नेपालमै पहिलो पटक 'लिम्बू भाषा' कामकाजी बनाउन लागिएको प्रमुख प्रशासकीय अधिकृत राईले बताए।






# बाह्रदशी गाउँपालिकामा सबैभन्दा कम बेरुजु




**झापा/** महालेखा परीक्षकको ६३औं वार्षिक प्रतिवेदनअनुसार झापाका स्थानीय तहहरूमध्ये बाह्रदशी गाउँपालिका सबैभन्दा कम बेरुजु हुने पालिकाका रूपमा देखिएको छ। गत आर्थिक वर्ष २०८१/८२ मा गरिएको लेखापरीक्षणअनुसार बाह्रदशी गाउँपालिकामा केवल ०।४५ प्रतिशत बेरुजु देखिएको हो। परीक्षण गरिएको रकममध्ये ६३ लाख ३३ हजार रुपैयाँ बेरुजु कायम भएको प्रतिवेदनमा उल्लेख गरिएको छ। जिल्लाका अन्य स्थानीय तहको तुलनामा यो सबैभन्दा न्यून प्रतिशत हो। महालेखा परीक्षकको प्रतिवेदनले स्थानीय तहमा आर्थिक अनुशासन, खर्च व्यवस्थापन र लेखा प्रणालीको अवस्थालाई समेत संकेत गर्ने भएकाले बाह्रदशीको न्यून बेरुजुलाई सकारात्मक रूपमा हेरिएको छ।

प्रतिवेदनअनुसार झापाका अधिकांश स्थानीय तहमा एक प्रतिशतभन्दा माथि बेरुजु देखिएको छ। कन्काई नगरपालिकामा ०।७७ प्रतिशत अर्थात १ करोड ७८ लाख ३७ हजार रुपैयाँ, गौरादह नगरपालिकामा ०।७७ प्रतिशत अर्थात १ करोड ८३ लाख ९८ हजार रुपैयाँ, शिवसताक्षी नगरपालिकामा ०।८३ प्रतिशत अर्थात २ करोड १८ लाख ५७ हजार रुपैयाँ तथा दमक नगरपालिकामा ०।९१ प्रतिशत अर्थात ४ करोड १ लाख ७९ हजार रुपैयाँ बेरुजु देखिएको छ।

यस्तै, गौरीगञ्ज गाउँपालिकामा १।०४ प्रतिशत अर्थात १ करोड २९ लाख ९० हजार रुपैयाँ, भद्रपुर नगरपालिकामा १।०५ प्रतिशत अर्थात २ करोड ४४ लाख ८० हजार रुपैयाँ, हल्दीवारी गाउँपालिकामा १।३३ प्रतिशत अर्थात १ करोड ९६ लाख ४९ हजार रुपैयाँ, बुद्धशान्ति गाउँपालिकामा १।३६ प्रतिशत अर्थात २ करोड ५६ लाख ६१ हजार रुपैयाँ तथा कमल गाउँपालिकामा १।५७ प्रतिशत अर्थात ३ करोड ११ लाख ९८ हजार रुपैयाँ बेरुजु कायम भएको छ।

***पाँचथर.......*** सम्बन्धी जानकारी लिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी नायव उपरिक्षक अनिष कुमार कर्णले जानकारी दिए ।

यसैगरी न्यायिक हिरासतमा रहेका थुनुवासँग प्रत्यक्ष छलफल समेत गरिएको थियो । छलफलमा थुनुवाको स्वास्थ्य अवस्था, कानुनी पहुँच, दैनिक व्यवस्थापन तथा हिरासतसम्बन्धी अन्य विषयमा जानकारी लिइएको बताइएको छ । टोलीले हिरासत व्यवस्थापनलाई कानुनी मापदण्डअनुसार थप प्रभावकारी, सुरक्षित र मानवअधिकार मैत्री बनाउन आवश्यक सुझाव समेत दिएको पाँचथर प्रहरीले जनाएको छ ।


## आवश्यकता

**पूर्वसन्देश दैनिक**का लागि **बजार व्यवस्थापक**को आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला । उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता ।

## पार्ट टाइमको अवसर

पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ । पारिश्रमिक काम र क्षमताका आधारमा समझदारीमा निर्धारण गरिनेछ ।

**सम्पर्कका लागि**
पूर्वसन्देश दैनिकको कार्यालय
एलम्बर चौक, दमक-५, : ९८१६९९९२००


## खेलकुद

# मलेशिया माथि नेपालको जीत



***दमक/*** *मलेशियासँगको दुई खेलको टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलामा नेपाली महिला टोलीले 'क्लिन स्वीप' गरेको छ । आज भएको दोस्रो खेलमा नेपालले मलेशियालाई ७ विकेटले हरायो । मलेशियाले दिएको ८३ रनको लक्ष्य नेपालले १६ ओभरमा ३ विकेट गुमाएर भेटायो । नेपालकी सम्झना खड्काले नटआउट ३९ रन बनाइन् ।*

*मलेशियाका नुर दानिया सुहादा, आइस्या इलेसा फिरदौज र आइन्ना हमिजाह हशिमले १/१ विकेट लिए । यसअघि घरेलु मैदान बायोमास ओभलमा टस जितेर ब्याटिङ गरेको मलेशियाले २० ओभरमा ९ विकेट गुमाएर ८२ रन बनायो । मलेशियाकी आइन्ना हमिजाह हशिमले १७ रन बनाइन् । पहिलो खेलमा नेपालले मलेशियालाई २ विकेटले हराएको थियो । एसीसी महिला प्रिमियर कप र २०औँ एशियन खेलकुद प्रतियोगिताको छनोट खेलअघि नेपालले मलेशियासँग टी-२० शृत्ला खेलेको हो ।*

***पूर्वी.......*** *भएका बताए । मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेतीले पर्यटकीय र सहरी सौन्दर्यीकरणका दृष्टिले घण्टाघरको अवधारणा महत्त्वपूर्ण रहेको बताइन् । नगरपालिकाको स्वामित्वमा रहेको देवकोटा पार्कभित्र यो संरचना निर्माणका लागि नगरपालिकाले आवश्यक जग्गा उपलब्ध गराएको उनले जानकारी दिइन्।*

*"नेपालको पूर्वी ढोकामा पर्यटकीय आकर्षण बढाउन यो घण्टाघर कोसेढुङ्गा सावित हुने हाम्रो अपेक्षा छ", उपप्रमुख उप्रेतीले भनिन्, "भारतीय रोटरी क्लबको समेत सहलगानी रहेकाले यसले नेपाल-भारतबीचको जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउन योगदान पुऱ्याउनेछ ।"*

*सतहबाट १८ वर्गफिट आकारमा निर्माण हुने यस घण्टाघरको पहिलो तलामा चढेर पर्यटकले दृश्यावलोकनका साथै सेल्फी र भिडियो खिच्न सक्ने गरी आधुनिक र सुविधा सम्पन्न संरचना बनाइने अध्यक्ष श्रेष्ठले बताए।*

*काँकडभिट्टाको मुख्य पर्यटकीय गन्तव्यका रूपमा रहेको देवकोटा पार्कमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको पूर्णकदको सालिक, रमणीय फूलबारी, बाल उद्यान, खानेपानी तथा शौचालयको सुविधा उपलब्ध छ ।*

*देवकोटा पार्क व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण थापाले अब बन्ने घण्टाघरले पार्कको आकर्षण थप बढाउने र सीमावर्ती क्षेत्र भएकाले भारतीय लगायत अन्य विदेशी पर्यटकको आगमनमा समेत वृद्धि हुने विश्वास व्यक्त गरे।*


## कर्मचारी आवश्यकता

यस सहकारी संस्थालाई तपसिलको पदमा शारिरिक रुपले स्वस्थ, दक्ष एवम् अनुभवी केही कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ।

**तपसिल :**

**१.** बिज्ञापन नं. १/२०८२/८३
क) पद संख्या : कार्यालय सहायक-१ जना
ख) न्युनतम शैक्षिक योग्यता : कक्षा १२ उत्तिर्ण
ग) आबेदन शुल्क : रु ५००।-(अक्षरुपी पाँच सय मात्र)।

**२.** बिज्ञापन नं. २/२०८२/८३
क) पद संख्या : फिल्ड सहायक-१ जना
ख) न्युनतम शैक्षिक योग्यता : कक्षा १० उत्तिर्ण
ग) आबेदन शुल्क : रु ३००।-(अक्षरुपी तिन सय मात्र)।

**३.** वाञ्छनीय योग्यताः
क. उमेरः १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको
ख. आवश्यक कागजात तथा छनौट प्रकृयाः
**१)** आवश्यक कागजातः नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्र, लब्धांक पत्रको प्रतिलिपि- १/१ प्रति
**२)** तालिम तथा अनुभबः कम्प्युटर तालिमको प्रमाण पत्र, सहकारी सम्बन्धि अनुभब प्रमाण पत्र तथा मोटरसाईकल लाईसेन्स प्रमाण पत्र भए प्रतिलिपि- १/१ प्रति
**३)** परीक्षा किसिमः लिखित, मौखिक तथा प्रयोगात्मक
**४)** पासपोर्ट साईजको फोटोः २ प्रति
ग. नियुक्तिको किसिमः करार
घ. बिशेष योग्यताः **१)** कम्प्युटर सम्बन्धि ज्ञान भएको । **२)** सहकारी सम्बन्धि ज्ञान भएको । **३)** मोटरसाईकल चलाउन सक्ने तथा लाईसेन्स भएको ।
ङ. आबेदन दिने अन्तिम मितिः २०८३/०२/१५ गते शुक्रबार बेलुका ४ बजे कार्यलय समयभित्र ।
च. हस्तलिखित निबेदनका साथ आबेदन दिनुपर्ने छ।
छ. तलब सुबिधाः संस्थाको नियम अनुसार हुने छ।
ज. अवधि नाघि तथा रीत नपुगि आएका आबेदनलाई दर्ता गरिने छैन।
झ. सम्पर्क मितिः २०८३/०२/१७ गते आईतबार दिउसो ३ बजेसम्म।
ञ. परिक्षा मितिः सम्पर्क मितिमा जानकारी गराईने छ।

**कर्मचारी छनौंट तथा पदपुर्ति उपसमिति**
**हंसबाहिनी बचत तथा ऋण सहकारी संस्था लि.**
HANSABAHINI SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
दमक-९, झापा, फोन नं. : ०२३-५९०१४३


## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०४बस्ने दिल माया तामाङ को नाममा दर्ता कायम रहेको मधुमल्ला५/छ को कि.नं. ४०१२ज.वि. ०-०-१०-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतर तर्फ सँधियार बद्री बस्नेत र सरस्वती अधिकारी (खनाल) उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोनः ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल